# ऋणपत्रको प्राथमिक तथा दोस्रो बजार व्यवस्थापन नियमावली, २०६१

नेपाल राजपत्रमा प्रकाशित मिति

२०६१।१२।१७

संशोधन

ऋणपत्रको प्राथमिक तथा दोस्रो बजार व्यवस्थापन (पहिलो संशोधन)

नियमावली, २०७० २०७०।१।३०

राष्ट्र ऋण ऐन, २०५९ को दफा २० ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले नेपाल राष्ट्र बैङ्कको राय लिई देहायका नियमहरु बनाएको छ ।

## परिच्छेद–१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "ऋणपत्रको प्राथमिक तथा दोस्रो बजार व्यवस्थापन नियमावली, २०६१" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,–

(क) "ऐन" भन्नाले राष्ट्र ऋण ऐन, २०५९ सम्झनु पर्छ ।

(ख) "प्राथमिक निष्काशन" भन्नाले नियम ३ बमोजिम गरिने ऋणपत्रको प्राथमिक निष्काशन सम्झनु पर्छ ।

(ग) "बोलकबोल" भन्नाले कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाले ऋणपत्र खरिद गर्न मन्जूर गरी बोलकबोल फाराममा उल्लेख गरेको मूल्य वा रकम सम्झनु पर्छ ।

(घ) “कट्टि मूल्य (कट अफ प्राईस)” भन्नाले बोलकबोल आह्वान वा स्वीकार गर्दा बैङ्कले तोकिदिएको न्यूनतम मूल्य सम्झनु पर्छ ।

(ङ) “दोस्रो बजार कारोबार” भन्नाले एक पटक निष्काशन तथा बाँडफाँड भइसकेको ऋणपत्रको खरिद, बिक्री वा विनिमय सम्बन्धी कारोबार सम्झनु पर्छ ।

(च) “धितोपत्र बजार” भन्नाले प्रचलित कानून बमोजिम धितोपत्रको कारोबार गर्न अनुमति प्राप्त धितोपत्र बजार सम्झनु पर्छ ।

(छ) “धितोपत्र बोर्ड” भन्नाले प्रचलित कानून बमोजिम स्थापना भएको धितोपत्र बोर्ड सम्झनु पर्छ ।

(ज) “बजार निर्माता” भन्नाले प्रचलित कानून बमोजिम धितोपत्रको कारोबार गर्न बजार निर्माताको रुपमा धितोपत्र व्यवसायीको प्रमाणपत्र प्राप्त संगठित संस्था सम्झनु पर्छ ।

(झ) “दलाल” भन्नाले प्रचलित कानून बमोजिम धितोपत्र दलाल व्यवसायीको रुपमा प्रमाणपत्र प्राप्त संगठित संस्था सम्झनु पर्छ ।

(ञ) “ग्राहक” भन्नाले यस नियमावली बमोजिम ऋणपत्र खरिद वा बिक्री गर्ने व्यक्ति, फर्म, कम्पनी वा संस्था सम्झनु पर्छ ।

## परिच्छेद–२

## ऋणपत्रको प्राथमिक निष्काशन

३. **बोलकबोलद्वारा ऋणपत्रको प्राथमिक निष्काशन गर्न सक्नेः** (१) बैङ्कले बोलकबोलद्वारा ऋणपत्रको प्राथमिक निष्काशन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम ऋणपत्र निष्काशन गर्ने प्रयोजनको लागि बैङ्कले बोलकबोललाई आवश्यकता अनुसार प्रतिस्पर्धी र अप्रतिस्पर्धी गरी दुई भागमा विभाजन गर्न सक्नेछ ।

(३) उपनियम (२) बमोजिम विभाजन गर्दा बैङ्कले अप्रतिस्पर्धी बोलकबोलको लागि कम्तिमा पन्ध्र प्रतिशत ऋणपत्र छुट्याउनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम छुट्याइएको ऋणपत्र बिक्री नभई बा“की रहेको ऋणपत्रलाई बैङ्कले प्रतिस्पर्धी बोलकबोलमा समावेश गर्नेछ ।

(५) उपनियम (१) बमोजिम ऋणपत्र निष्काशन गर्दा बैङ्कले त्यस्तो ऋणपत्रको किसिम, रकम, ब्याजदर, सांवा ब्याज भुक्तानी अवधि, बोलकबोल पेश गर्ने मिति, समय र तरिका लगायतका अन्य आवश्यक विवरण खुलाई राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गरी ऋणपत्र खरिद गर्न बोलकबोल आव्हान गर्नेछ ।

(६) उपनियम (५) बमोजिमको सूचना बैङ्कले आफ्नो वेबसाइटमा समेत राख्नेछ ।

(७) उपनियम (५) वा (६) बमोजिम प्रकाशित सूचना अनुसार प्रतिस्पर्धी बोलकबोलको हकमा जुनसुकै व्यक्ति, फर्म, कम्पनी वा संस्था र अप्रतिस्पर्धी बोलकबोलको हकमा बैङ्कबाट प्रचलित कानून बमोजिम "क", "ख" र "ग" वर्गको वित्तीय कारोबार गर्न इजाजत प्राप्त गरेका संस्था बाहेकका अन्य व्यक्ति, फर्म, कम्पनी वा संस्था बोलकबोलमा सहभागी हुन सक्ने छन् ।

४. **बोलकबोल फाराम पेश गर्ने समय र तरिकाः** (१) ऋणपत्र खरिद गर्न चाहने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले नियम ३ बमोजिम प्रकाशित सूचनामा तोकिएको मिति र समयभित्र बोलकबोल फाराम भरी खामबन्दी गरी बैङ्क समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम बोलकबोल फाराम पेश गर्ने व्यक्ति भए त्यस्तो व्यक्तिको नाम र ठेगाना उल्लेख गरी निजको दस्तखत सहित नागरिकताको प्रंमाणपत्रको प्रतिलिपि र फर्म, कम्पनी वा संस्था भए त्यस्तो फर्म, कम्पनी वा संस्थाको आधिकारिक व्यक्तिको नाम र ठेगाना उल्लेख गरी निजको दस्तखत सहित सो फाराममा सम्बन्धित फर्म, कम्पनी वा संस्थाको छाप लगाई त्यस्तो फर्म, कम्पनी वा संस्थाको दर्ता प्रमाणपत्रको प्रतिलिपि फारामसाथ संलग्न गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम बोलकबोल फाराम प्राप्त भएपछि बैङ्कले बोलकबोलदाताको नाम, ठेगाना र बोलकबोलको संख्या स्पष्ट खुल्ने गरी आफ्नो रजिष्टरमा अभिलेख राख्नु पर्नेछ ।

५. **मूल्य वा रकम उल्लेख गर्नु पर्नेः** (१) नियम ३ बमोजिम प्रतिस्पर्धी बोलकबोलमा भाग लिने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले आफूले कति रकमको ऋणपत्र खरिद गर्न चाहेको हो त्यसको मूल्य र रकम बोलकबोल फाराममा उल्लेख गर्नु पर्नेछ । त्यसरी रकम उल्लेख गर्दा एकसय रुपैयाँ अङ्कित मूल्यको आधारमा दशमलब पछाडि चार अङ्कसम्म उल्लेख गर्नु पर्नेछ ।

(२) नियम ३ बमोजिम अप्रतिस्पर्धी बोलकबोलमा भाग लिने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले आफूले खरिद गर्न चाहेको ऋणपत्रको रकम बोलकबोल फाराममा उल्लेख गर्नु पर्नेछ ।

(३) उपनियम (१) वा (२) बमोजिम रकम उल्लेख गर्दा बोलकबोल फाराममा बोलकबोलदाताले न्यूनतम पच्चीस हजार रुपैयाँ वा सो रकमले निःशेष भाग जाने रकम उल्लेख गर्नु पर्नेछ ।

(४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि ऐनको दफा २ को खण्ड (ग) को उपखण्ड (५) बमोजिम तोकिएको ऋणपत्रको हकमा न्यूनतम रकम एकहजार रुपैयाँ बोलकबोल फाराममा उल्लेख गर्नु पर्नेछ ।

(५) यस नियम बमोजिम रकम वा मूल्य उल्लेख गर्दा अङ्क र अक्षर दुवैमा उल्लेख गर्नु पर्नेछ ।

६. **अर्नेष्ट मनी जम्मा गर्नु पर्नेः** (१) बोलकबोलदाताले आफूले ऋणपत्र खरिद गर्न चाहेको रकमको दुई दशमलब पाँच शून्य प्रतिशतले हुन आउने रकम अर्नेष्ट मनीको रुपमा बैङ्कको बैंकिङ्ग कार्यालयमा जम्मा गरी सोको सक्कल भौचर बोलकबोल फाराम साथ पेश गर्नु पर्नेछ ।

(२) नियम ९ बमोजिम बैङ्कले बोलकबोल अस्वीकार गरेमा बोलकबोलदाताले उपनियम १ बमोजिम अर्नेष्ट मनी बापत जम्मा गरेको रकम बोलकबोलको निर्णय भएको मितिले सात दिनभित्र बोलकबोलदातालाई फिर्ता गर्नु पर्नेछ ।

७. **बोलकबोल स्वीकार गर्नेः** (१) नियम ४ बमोजिम बोलकबोल फाराम प्राप्त भए पछि बैङ्कले सबभन्दा बढी मूल्य उल्लेख भएको बोलकबोल स्वीकार गर्नु पर्नेछ ।

नेपाल कानून आयोग

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बैङ्कले ऋणपत्र निष्काशन भएको रकममा पच्चीस प्रतिशतसम्म रकम थपघट गरी बोलकबोल स्वीकार गर्न सक्नेछ ।

(३) उपनियम (१) बमोजिम प्रतिस्पर्धी बोलकबोल स्वीकार गर्दा एकभन्दा बढी बोलकबोलदाताले एउटै मूल्य उल्लेख गरेमा बैङ्कले कट्टी मूल्य कायम गरी त्यस्ता बोलकबोलदाताहरुलाई समानुपातिक आधारमा ऋणपत्र पर्ने गरी बोलकबोल स्वीकार गर्नु पर्नेछ ।

(४) उपनियम (१) बमोजिम अप्रतिस्पर्धी बोलकबोल स्वीकार गर्दा बैङ्कले त्यस्तो ऋणपत्र खरिद गर्न बोलकबोल फाराम पेश गर्ने सबै व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई समानुपातिक रुपमा पर्ने गरी बोलकबोल स्वीकार गर्नु पर्नेछ ।

८. **जानकारी दिनु पर्ने:** नियम ७ बमोजिम बोलकबोल स्वीकार गरेपछि बैङ्कले सोको जानकारी सात दिनभित्र सम्बन्धित बोलकबोलदातालाई दिनु पर्नेछ ।

९. **बोलकबोल अस्वीकार गर्ने:** (१) नियम ४ बमोजिम प्राप्त भएको बोलकबोल फाराम छानबिन गर्दा देहाय बमोजिम भएमा बैङ्कले त्यस्तो बोलकबोल अस्वीकार गर्नेछः–

(क) बोलकबोल फाराममा व्यक्तिको हकमा निजको नाम, ठेगाना र दस्तखत र फर्म, कम्पनी वा संस्थाको हकमा त्यस्तो फर्म, कम्पनी वा संस्थाको नाम, ठेगाना, छाप र आधिकारिक व्यक्तिको दस्तखत छुट भएको,

(ख) नियम ५ बमोजिम मूल्य र रकम अङ्क तथा अक्षरमा उल्लेख नगरेको,

(ग) नियम ६ बमोजिम अर्नेष्ट मनी जम्मा नगरेको वा कम जम्मा गरेको,

(घ) बोलकबोल फाराममा ऋणपत्रको नाम र सिरिज नम्बर उल्लेख नभएको, वा

(ङ) बोलकबोल आव्हान गर्दा प्रकाशित सूचनामा उल्लिखित अन्य विवरण पुरा नगरेको ।

नेपाल कानून आयोग

(२) बैङ्कले मुलुकको मौद्रिक तथा आर्थिक परिसूचकलाई विचार गरी बोलकबोल आंशिक वा पूर्ण रुपमा स्वीकार वा अस्वीकार गर्न सक्नेछ ।

१०. **ऋणपत्रको प्रमाणपत्र दिनु पर्नेः** नियम ७ बमोजिम बोलकबोल स्वीकार गरे पछि बैङ्कले अङ्कित मूल्यमा साँवा तथा ब्याज भुक्तानी पूर्जा सहितको ऋणपत्रको प्रमाणपत्र बोलकबोलदातालाई दिनु पर्नेछ ।

११. **साँवा तथा ब्याजको भुक्तानीः** ऋणपत्र धनीलाई साँवाको भुक्तानी सो ऋणपत्रको म्याद समाप्त भएको भोलिपल्टदेखि र ब्याजको भुक्तानी ऋणपत्रमा उल्लेख भए बमोजिमको समयमा गरिनेछ ।

## परिच्छेद–३

## ऋणपत्रको दोस्रो बजार कारोबार

१२. **धितोपत्र बजार मार्फत ऋणपत्रको दोस्रो बजार कारोबार गर्न सकिनेः** (१) नियम ३ बमोजिम निष्काशन गरिएको ऋणपत्रको धितोपत्र बजार मार्फत दोस्रो बजार कारोबार गर्न सकिनेछ ।

(२) उपनियम (१) बमोजिम दोस्रो बजार कारोबार गर्ने प्रयोजनको लागि बैङ्कले कारोबार गरिने ऋणपत्रको किसिम, रकम, व्याजदर, साँवा व्याज भुक्तानी अवधि लगायतका विवरण खोली धितोपत्र बजारमा सूचिकृत गराउनेछ ।

(३) उपनियम (२) बमोजिम बैङ्कले सूचिकृत गराएको ऋणपत्र दलाल वा बजार निर्माता मार्फत दोस्रो बजार कारोबार गर्न सकिनेछ ।

१३. **दलाल वा बजार निर्माताले पूरा गर्नु पर्ने शर्तहरुः** ऋणपत्रको दोस्रो बजार कारोबार गर्न चाहने दलाल वा बजार निर्माताले देहायका शर्तहरु पूरा गर्नु पर्नेछः—

(क) धितोपत्र बोर्डले तोके बमोजिमको न्यूनतम चुक्ता पूँजी, भौतिक पूर्वाधार र जनशक्ति हुनु पर्ने,

(ख) बैङ्कले तोकेको ढाँचामा बैङ्कमा छुट्टै ऋणपत्र खाता खोल्नु पर्ने,

(ग) धितोपत्र बोर्डले तोके बमोजिम रकम धरौटी वा बैङ्क ग्यारेण्टीको रुपमा राख्नु पर्ने ।

१४. **दलाल मार्फत ऋणपत्रको दोस्रो बजार कारोबारः** (१) नियम १२ बमोजिम सूचीकृत भएको ऋणपत्र दलाल मार्फत दोस्रो बजार कारोबार गर्न चाहने ग्राहकले धितोपत्र बोर्डले तोकेको ढाँचामा दोस्रो बजार कारोबार गर्न दलाललाई आदेश दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम दिइएको आदेशमा ग्राहकले आफूले दोस्रो बजार कारोबार गर्न चाहेको ऋणपत्रको नाम, किसिम, संख्या, रकम, मूल्य र त्यस्तो आदेश वहाल रहने अवधि समेत खलाउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम मूल्य खुलाउ“दा ग्राहकले देहाय बमोजिम ऋणपत्रको मूल्य खुलाउन सक्नेछः—

(क) निश्चित मूल्य,

(ख) न्यूनतम वा अधिकतम मूल्य, वा

(ग) धितोपत्र बजारको स्थिति हेरी दलालले तोक्ने सक्ने मूल्य ।

(४) उपनियम (२) बमोजिम ग्राहकले दिएको आदेशमा निजले तोकेको समयसम्म वहाल रहने छ र अवधि नतोकिएकोमा आदेश दिएको मितिले तीन दिनसम्म वहाल रहनेछ ।

(५) उपनियम (१) बमोजिम आदेश दिंदा ग्राहकले जति मूल्यको ऋणपत्र बिक्री गर्न चाहेको हो त्यति नै मूल्यको ऋणपत्रको प्रमाणपत्र दलाललाई बुझाउनु पर्नेछ ।

(६) उपनियम (५) बमोजिम दलालले ग्राहकबाट ऋणपत्रको प्रमाणपत्र बुझी लिए पछि सोको निस्सा ग्राहकलाई दिनु पर्नेछ ।

(७) दलालले ऋणपत्रको दोस्रो बजार कारोबार गर्दा नियम २१ को उपनियम (१) बमोजिम राखिएको अभिलेखमा उल्लिखित समयको प्राथमिकताको आधारमा कारोबार गर्नु पर्नेछ ।

(८) दलालले ऋणपत्र कारोबार गर्दा एकसय रुपैयाँ अङ्कित मूल्यको आधारमा मूल्य तोकी कारोबार गर्नु पर्नेछ ।

(९) दलालले ऋणपत्रको दोस्रो बजार कारोबार गर्दा मौखिक रुपमा लिए" वा दिए" भनी आफ्नो मौखिक स्वीकृति जनाई सकेपछि धितोपत्र बोर्डले तोकेको ढाँचामा फाराम भरी दस्तखत गरी खरिदकर्ता दलाल र बिक्रेता दलालले एक आपसमा लिने दिने गर्नु पर्नेछ र सोको एक एक प्रति धितोपत्र बजारमा तुरुन्त बुझाउनु पर्नेछ ।

(१०) उपनियम (९) बमोजिम ऋणपत्रको दोस्रो बजार कारोबार गर्न स्वीकृति जनाई दस्तखत गरे पछि दलालले त्यस्तो ऋणपत्रको दोस्रो बजार कारोबार गर्न अस्वीकार गर्न पाउने छैन ।

(११) उपनियम (९) बमोजिम ऋणपत्रको कारोबार सम्पन्न गरिसकेपछि दलालले ग्राहकलाई धितोपत्र बोर्डले तोके बमोजिमको ढाँचामा फाराम भरी सोको जानकारी दिनु पर्नेछ । ग्राहकले ऋणपत्र खरिद गरेको भए दलालले धितोपत्र बोर्डले तोके बमोजिमको ढाँचामा खरिद निस्सा समेत ग्राहकलाई दिनु पर्नेछ ।

(१२) उपनियम (११) बमोजिमको खरिद निस्सा ऋणपत्रकै रुपमा कारोबार योग्य हुनेछ ।

(१३) उपनियम (१२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपनियम (११) बमोजिमको खरिद निस्सा सम्बन्धित दलाल र धितोपत्र बजारमा अभिलेख गराए पछि मात्र कारोबार गर्न सकिनेछ ।

(१४) ग्राहकको आदेश नभएको अवस्थामा दलालले धितोपत्र बोर्डले तोकेको सीमामा ननाघ्ने गरी आफ्नो स्वामित्वको ऋणपत्र दोस्रो बजार कारोबार गर्न सक्नेछ ।

१५. **बजार निर्माता मार्फत ऋणपत्रको दोस्रो बजार कारोबार:** (१) कुनै ग्राहकले नियम १४ बमोजिम दलाल मार्फत ऋणपत्रको दोस्रो बजार कारोबार गर्न चाहेमा र दलालसँग पर्याप्त मात्रामा ऋणपत्रको दोस्रो बजार कारोबारको आदेश नभएको कारण ऋणपत्रको कारोबार हुन नसकेमा त्यस्तो ग्राहकले सिधैं वा दलाल मार्फत धितोपत्र बोर्डले तोकेको ढाँचामा बजार निर्मातालाई ऋणपत्रको दोस्रो बजार कारोबार गर्न आदेश दिन सक्नेछ ।

(२) बजार निर्माताले धितोपत्र बजारको ऋणपत्र कारोबार गर्ने कक्षमा राखेको सूचना पाटीमा खरिद मूल्य र बिक्री मूल्य तोकी ऋणपत्रको दोस्रो बजार कारोबार गर्न सक्नेछ ।

(३) उपनियम (२) बमोजिम तोकिने ऋणपत्रको खरिद वा बिक्री मूल्यको भिन्नता धितोपत्र बोर्डले तोकेको सीमा भन्दा बढी हुने छैन ।

(४) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि बजार निर्माताले आफूसंग ऋणपत्र मौज्दात नभएको अवस्थामा ऋणपत्रको खरिद मूल्य मात्र र धितोपत्र बोर्डले तोकेको अधिकतम मौज्दात पुगिसकेको अवस्थामा ऋणपत्रको बिक्री मूल्य मात्र तोक्नु पर्नेछ ।

(५) बजार निर्माताले धितोपत्र बजारमा अङ्कित गराएको मूल्यमा धितोपत्र बोर्डको स्वीकृति लिई नेपाल ⏭............ को आफ्नो अन्य शाखाबाट समेत ऋणपत्रको दोस्रो बजार कारोबार गर्न सक्नेछ ।

(६) उपनियम (५) बमोजिम ऋणपत्रको कारोबार गर्दा वा गराउँदा धितोपत्र बजारमा कारोबारको लागि अङ्कित गराएको मूल्यमा कुनै किसिमको परिवर्तन भएमा सोही अनुसार तुरुन्त एकै समयमा अन्य शाखामा समेत परिवर्तन हुने व्यवस्था मिलाउनु पर्नेछ ।

(७) धितोपत्र बजारले तोकेको कारोबार समय समाप्त भइसकेपछि पनि सो दिन बजार निर्माताले ऋणपत्र कारोबार गर्ने कक्षमा राखेको सूचना पाटीमा अङ्कित गरेको अन्तिम मूल्यमा ऋणपत्रको दोस्रो बजार कारोबार गर्न सक्नेछ ।

(८) उपनियम (७) बमोजिम ऋणपत्र कारोबार गरिएको जानकारी बजार निर्माताले कारोबार भएकै दिन वा सोको भोलिपल्ट कारोबार समय हुन अगावै धितोपत्र बोर्ड तथा धितोपत्र बजारलाई दिनु पर्नेछ ।

(९) बजार निर्माताले धितोपत्र बोर्डले तोके बमोजिम आफ्नो स्वामित्वमा राख्नु पर्ने ऋणपत्रको न्यूनतम सीमा नघट्ने र अधिकतम सीमा नबढ्ने गरी ऋणपत्रको दोस्रो बजार कारोबार गर्नु पर्नेछ ।

---

⏭ पहिलो संशोधनद्वारा झिकिएको ।

१६. **<u>रोक्का भएको ऋणपत्रको कारोबार गर्न नपाउने:</u>** यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दलाल वा बजार निर्माताले प्रचलित कानून बमोजिम रोक्का भएको ऋणपत्रको दोस्रो बजार कारोबार गर्न पाउने छैन ।

१७. **<u>स्वामित्व उल्लेख गर्नु पर्ने:</u>** (१) दलाल वा बजार निर्माताले ऋणपत्रको प्रकृतिको आधारमा धितोपत्र बोर्डले तोके बमोजिम व्यक्तिगत वा संस्थागत स्वामित्वमा रहने गरी ऋणपत्रको दोस्रो बजार कारोबार गर्नु पर्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दलाल वा बजार निर्माताले आफ्नो स्वामित्वमा रहने गरी खरिद गरेको ऋणपत्रको हकमा व्यक्तिगत वा संस्थागत दुवै किसिमको स्वामित्व रहने गरी ऋणपत्र खरिद गर्न सक्नेछ ।

१८. **<u>दोस्रो बजार कारोबारको सीमा:</u>** (१) दलाल वा बजार निर्माताले ऋणपत्रको शुरु कारोबार मूल्य र त्यसपछिका कारोबार मूल्य धितोपत्र बोर्डले तोकेको सीमाभित्र रही तोक्नु पर्नेछ ।

(२) दलालले धितोपत्र बजारमा अङ्कित गरेको मूल्यमा एकपटकमा कम्तिमा पच्चीस हजार रुपैयाँ बराबरको ऋणपत्रको दोस्रो बजार कारोबार गर्नु पर्नेछ ।

१९. **<u>ऋणपत्रको प्रमाणपत्रमा अङ्कित मूल्यमा कारोबार गर्नु पर्ने:</u>** (१) दलाल वा बजार निर्माताले ऋणपत्रको प्रमाणपत्रमा अङ्कित मूल्यको आधारमा मात्र कारोबार गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम ऋणपत्रको कारोबार गर्दा खण्डित अवधिको ब्याज र त्यस्तो ब्याजमा लाग्ने करको समेत छुट्टै हिसाब देखिने गरी कारोबार दुरुस्त राख्नु पर्नेछ ।

२०. **<u>कारोबार फछ्र्यौट गर्नु पर्ने:</u>** (१) कुनै दलाल वा बजार निर्माताले आफूले गरेको ऋणपत्रको दोस्रो बजार कारोबारको रकम, ऋणपत्रको प्रमाणपत्र, दाखिल खारेज पत्र, बिक्रेताको लिखत तथा अन्य आवश्यक कागजात कारोबार भएकै दिन धितोपत्र बोर्डले तोकेको समयभित्र धितोपत्र बजारमा पेश गरी कारोबार फछ्यौंट गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम दलाल वा बजार निर्माताले कारोबार भएकै दिन कारोबार फछ्र्यौट गर्न नसकेमा सोको कारण खोली निवेदन दिएमा धितोपत्र बजारले ऋणपत्रमा निर्धारित व्याजदर अनुसारको विलम्ब अवधिको व्याज रकम र दैनिक कारोबार मूल्यमा धितोपत्र बोर्डले तोकेको प्रतिशतका दरले विलम्ब शुल्क लिई कारोबार भएको तेस्रो दिनसम्ममा त्यस्तो कारोबार फछ्र्यौट गर्न धितोपत्र बजारले म्याद थप गरिदिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम लिइएको ब्याज तथा विलम्ब शुल्क धितोपत्र बजारले दलाल वा बजार निर्माता मार्फत सम्बन्धित ग्राहकलाई उपलब्ध गराउनु पर्नेछ ।

(४) उपनियम (२) बमोजिम थपिएको म्यादभित्र समेत कारोबार फछ्र्यौट नगरेमा त्यस्तो दलाल वा बजार निर्माताले राखेको धरौटी रकमबाट खामेसम्म ऋणपत्र खरिद गरी वा नगद भुक्तानी गरी धितोपत्र बजारले हिसाब फछ्र्यौट गरिदिनु पर्नेछ ।

(५) दलाल वा बजार निर्माताले नियम १३ को खण्ड (ख) बमोजिम खोलेको खातामा दैनिक कारोबारबाट भएको हेरफेरको हिसाब मिलान गर्नु पर्नेछ ।

(६) उपनियम (५) बमोजिम हिसाब मिलान गर्दा ग्राहकको नाममा ऋणपत्रको नयां प्रमाणपत्र जारी गर्नु परेमा बैङ्कले नयाँ प्रमाणपत्र जारी गर्नु पर्नेछ ।

(७) उपनियम (६) बमोजिम नयाँ प्रमाणपत्र जारी गर्दा बैङ्कले तोके बमोजिमको दस्तुर ग्राहकले दलाल वा बजार निर्माता मार्फत बैङ्कलाई बुझाउनु पर्नेछ ।

२१. **ऋणपत्रको कारोबार सम्बन्धी अभिलेखः** (१) दलालले ग्राहकबाट ऋणपत्रको दोस्रो बजार कारोबार गर्न आदेश प्राप्त भएपछि सोको मिति र समय समेत जनाई धितोपत्र बोर्डले तोके बमोजिमको ढाँचामा दर्ता अभिलेख राख्नु पर्नेछ ।

(२) दलाल वा बजार निर्माताले धितोपत्र बोर्डले तोकेको ढाँचामा ग्राहक र आफ्नो स्वामित्वको ऋणपत्र विवरण छुट्टाछुट्टै देखिने गरी स्रेस्ता खडा गरी राख्नु पर्नेछ ।

२२. **कारोबारको विवरण पेश गर्नु पर्नेः** (१) दलाल वा बजार निर्माताले प्रत्येक दिन आफूले गरेको ऋणपत्रको दोस्रो बजार कारोबारको विवरण धितोपत्र बोर्डले तोकेको ढाँचामा सोही दिन बैङ्क, धितोपत्र बोर्ड र धितोपत्र बजार समक्ष पेश गर्नु पर्नेछ ।

(२) दलाल तथा बजार निर्माताले आफूले गरेको ऋणपत्रको दोस्रो बजार कारोबारको विवरण अर्ध वार्षिक वा वार्षिक रुपमा धितोपत्र बोर्डले तोकेको ढाँचामा बैङ्क तथा धितोपत्र बोर्ड समक्ष पेश गर्नु पर्नेछ ।

२३. **ऋणपत्रको कारोबार स्थगन गर्न सक्नेः** (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि ऋणपत्रको दोस्रो बजार कारोबार मूल्यमा अस्वाभाविक रुपमा उतार चढाव आएमा धितोपत्र बोर्डले त्यस्तो कारोबार स्थगन गर्न धितोपत्र बजारलाई निर्देशन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम ऋणपत्रको मूल्यमा अस्वाभाविक रुपमा उतार चढाव आएको कारण त्यसमा तत्काल नियन्त्रण गर्नु पर्ने अवस्था देखेमा धितोपत्र बजारले त्यस्तो कारोबार स्थगन गरी सोको कारण सहितको जानकारी धितोपत्र बोर्डलाई तुरुन्त दिनु पर्नेछ ।

## परिच्छेद—४

## विविध

२४. **ऋणपत्रको प्राथमिक तथा दोस्रो बजार व्यवस्थापन समितिः** (१) बोलकबोलबाट ऋणपत्र निष्काशन गर्ने, कट्टी मूल्य निर्धारण गर्ने तथा धितोपत्र बजारमा ऋणपत्र सूचिकृत गरी धितोपत्र बजार मार्फत ऋणपत्रको दोस्रो बजार कारोबार गर्ने सम्बन्धमा बैङ्कलाई राय सुझाव दिने कार्य समेतको लागि देहाय बमोजिमको एक ऋणपत्रको प्राथमिक तथा दोस्रो बजार कारोबार व्यवस्थापन समिति रहनेछः—

(क) बैङ्कको डेपुटी गर्भनर (राष्ट्र ऋण व्यवस्थापन विभाग हेर्ने) — अध्यक्ष

(ख) अर्थ मन्त्रालयको प्रतिनिधि (सह—सचिव) — सदस्य

(ग) बैङ्कको राष्ट्र ऋण व्यवस्थापन विभागको प्रमुख — सदस्य

(घ) धितोपत्र बोर्डको अध्यक्ष — सदस्य

(ङ) धितोपत्र बजारको महाप्रबन्धक — सदस्य

(च) बैङ्कको राष्ट्र ऋण व्यवस्थापन विभागको नायव प्रमुख —सदस्य-सचिव

(२) उपनियम (१) बमोजिमको समितिले आफ्नो बैठकमा आवश्यकता अनुसार कुनै विशेषज्ञ वा कर्मचारीलाई आमन्त्रण गर्न सक्नेछ ।

(३) उपनियम (१) बमोजिमको समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) उपनियम (१) बमोजिमको समितिको बैठकमा भाग लिए बापत समितिका अध्यक्ष, सदस्य तथा आमन्त्रित सदस्यले बैङ्कले तोकिदिए बमोजिमको बैठक भत्ता पाउने छन् ।

(५) उपनियम (१) बमोजिमको समितिको अन्य काम, कर्तव्य र अधिकार बैङ्कले तोकिदिए बमोजिम हुनेछ ।

२५. **<u>बैङ्कले ऋणपत्र खरिद नगर्ने:</u>** (१) नियम १२ को उपनियम (२) बमोजिम सूचिकृत भएका ऋणपत्रको भुक्तानी अवधि समाप्त हुनु अगावै बैङ्कले त्यस्तो ऋणपत्र खरिद गर्ने छैन ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मौद्रिक नीति कार्यान्वयन गर्ने सिलसिलामा बैङ्कले धितोपत्र बजारमा हस्तक्षेप गर्न आवश्यक देखेमा सोको कारण सार्वजनिक गरी धितोपत्र बजारबाट ऋणपत्र खरिद गर्न सक्नेछ ।

२६. **<u>बैङ्कबाट वित्तीय साधन उपलब्ध नहुने:</u>** कुनै कारणले दलाल वा बजार निर्मातालाई वित्तीय साधनको आवश्यक परेमा बैङ्कबाट कुनै किसिमको वित्तीय साधन उपलब्ध हुने छैन ।

२७. **<u>निरीक्षण गर्न वा निर्देशन दिन सक्ने:</u>** (१) धितोपत्र बोर्डले धितोपत्र बजार, दलाल वा बजार निर्माताको ऋणपत्र सम्बन्धी निजको खाता, बही, अभिलेख तथा अन्य कागजात निरीक्षण गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम निरीक्षण गर्दा कुनै किसिमको अनियमितता भएको देखिएमा धितोपत्र बोर्डले आवश्यक सुधार गर्न धितोपत्र बजार, दलाल वा बजार निर्मातालाई निर्देशन दिन सक्नेछ र त्यसरी दिइएको निर्देशनको पालना गर्नु त्यस्तो धितोपत्र बजार, दलाल वा बजार निर्माताको कर्तव्य हुनेछ ।

नेपाल कानून आयोग

(३) बैङ्कले मौद्रिक नीति कार्यान्वयन गर्ने सिलसिलामा आवश्यकतानुसार धितोपत्र बजार, दलाल वा बजार निर्माताको ऋणपत्र सम्बन्धी निजको खाता बही, अभिलेख तथा अन्य कागजात निरीक्ष्ँण गर्न सक्नेछ ।

(४) उपनियम (३) बमोजिम निरीक्षण गर्दा धितोपत्र बजार, दलाल वा बजार निर्मातालाई कारबाही गर्नु पर्ने देखिएमा बैङ्कले आवश्यक कारबाहीको लागि धितोपत्र बोर्डलाई लेखी पठाउन सक्नेछ ।

नेपाल कानून आयोग